मिति:२०७७/०५/२८

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको अत्यन्त जरुरी सूचना**

विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धि निर्देशिका, २०५९ बमोजिम विदेशी विश्वविद्यालयको सम्बन्धनमा यस मन्त्रालयको अनुमित लिई सञ्चालित शिक्षण संस्थाहरुको अभिलेखमा कतिपय विवरणहरु नपाईएकोले सम्बन्धित शिक्षण संस्थाहरुलाई अनिवार्य रुपमा तपशिलको विवरणहरु मिति २०७७/१०/३० भित्र यस मन्त्रालयमा आईपुग्ने गरी पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

१. सम्बन्धन दिने विश्वविद्यालय वा त्रिपक्षीय सम्झौता बमोजिम तेस्रो पक्षले शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीहरुको नाममा जारी गरेको पछिल्लो ईन्भ्वाईसको प्रतिलिपि,

२. शिक्षण संस्थाले ईन्भ्वाईस अनुसार विश्वविद्यालय वा तेस्रो पक्षलाई शुल्क पठाएको भौचर वा रसिदको प्रतिलिपि,

३. विश्वविद्यालयको Ranking सम्बन्धमा Time's Higher Education (www.timeshighereducation.com.uk ) / Shanghai Jiaotong Ranking (www.shanghairanking.com ) को वरियता,

४. सम्बन्धन दिने विश्वविद्यालयको QAA/ Accreditation पत्र वा सो पुष्ट्याई हुने कागजातको प्रतिलिपि,

५. शिक्षण संस्था र सम्बन्धन दिने विश्वविद्यालय बीच भएको समझदारी वा सम्झौता पत्र,

६. विश्वविद्यालयलाई पठाउनु पर्ने शुल्कका सम्बन्धमा शिक्षण संस्था, सम्बन्धन दिने विश्वविद्यालय र अन्य कुनै संस्था बीच सम्झौता भएको भए त्यस्तो सम्झौताको प्रतिलिपि,

७ नवीकरण र धरौटी सम्बन्धी कागजातको प्रतिलिपि,

८. मन्त्रालयबाट शैक्षिक कार्यक्रम सञ्चालन गर्न दिइएको शुरुको अनुमतिपत्र, कार्यक्रम र अवधि थपको पत्र, स्थानान्तरण पत्र र कम्पनी वा शिक्षण संस्थाको नाम परिवर्तनको पत्रको प्रतिलिपि ।